लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश खेलकुद परिषद् लुम्बिनी
PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८२/८३
च. नं. : ४५

मितिः २०८२/०६/२९

श्री कार्यालय प्रमुख ज्यू,
जिल्ला खेलकुद विकास समिति सबै।

**विषयः टिम सहभागी गराइदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजनामा प्रदेशस्तरीय कराते प्रतियोगिता तपसिल बमोजिम सञ्चालन गरिने भएको हुँदा सम्बन्धित जिल्लाको कराते संघसँग सहकार्य गरी, खेलाडी छनौट गरी उक्त प्रतियोगितामा टिम सहभागी गराउनुहुन निर्देशानुसार अनुरोध छ। प्रतियोगिता सँग सम्बन्धी नियम र खेलाडी दर्ता फाराम यसै पत्र साथ संलग्न गरी पठाईएको छ।

**तपसिलः**
प्रतियोगिता सञ्चालन मितिः २०८२ कार्तिक २६ देखि २७ गते सम्म।
स्थानः तुलसीपुर, दाङ।
टिम दर्ता गर्ने अन्तिम मितिः २०८२ कार्तिक २३ गते दिनको १२ बजे सम्म।
पुनश्चः निर्धारित समयमा दर्ता नभएको जिल्लालाई प्रतियोगितामा सहभागी गराईने छैन।

**थप जानकारीका लागि सम्पर्कः**

१. ९८६९९७०२९१ - अमृत के. सी.
२. ९८०९८७७१२३ - सुरेन्द्र चौधरी

**बोधार्थः**
लुम्बिनी प्रदेश कराते संघ।
श्री जिल्ला कराते संघ सबै।

प्रशासन प्रमुख
अमृत के.सी.
प्रशासन प्रमुख

Email-lumbinisportscouncil@gmail.com, <pscl@lumbini.gov.np>, Phone No: 082-590759
"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

लुम्बिनी प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL

राप्ती उपत्यका (देउखुरी), नेपाल

---

## प्रदेशस्तरीय कराते प्रतियोगिता २०८२

**प्रतियोगितासँग सम्बन्धित नियमहरुः**

१. खेल कराते खेल बिधाको अन्तराष्ट्रिय महासंघको नियम अनुसार खेलाइनेछ।

२. जिल्लाबाट छनौट भएका खेलाडीहरु जिल्ला खेलकुद बिकास समिति मार्फत आउनुपर्नेछ।

३. खेल नकआउटको आधारमा खेलाइनेछ।

४. प्रत्येक जिल्लाको टिममा कराते खेल बिधाको १ जना टिम प्रशिक्षक हुनेछन्।

५. खेलाडीहरुको WEIGHING मिति २०८२/०७/२५ गते देखि बेलुका ५ बजेसम्म हुनेछ।

६. खेल दाङ तुलसीपुरमा हुनेछ।

७. प्रतियोगितामा सहभागि खेलाडी र टिम प्रशिक्षकले दर्ता फाराममा हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ।

८. खेलाडी दर्ता फाराम नबुझाउने खेलाडीले प्रतियोगितामा सहभागि हुन पाउनेछैन।

९. केही कुरामा विवाद भएमा प्रदेश खेलकुद परिषद लुम्बिनीको निर्णय अन्तिम हुनेछ।

१०. प्रोटेष्ट गर्न चाहेमा प्रोटेष्ट दस्तुर रु ५५०० तिरेर खेल समाप्त भएको १५ मिनेटभित्र निबेदन दर्ता गर्न सकिनेछ। छानबिन पश्चात दोषी ठहरिए पराजित खेलाडीलाइ बिजेता घोषणा गरिनेछ। तर उजुरी गलत सावित भएमा प्रोटेष्ट दस्तुर फिर्ता हुनेछैन।

११. खेलाडीहरुले खेल पोषाक र SAFETY EQUIPMENTS आफैं ब्यबस्थापन गर्नु पर्नेछ र SAFETY EQUIPMENTS अनिवार्य लगाउनु पर्नेछ।

१२. सहभागी टिमबाट खेल्ने खेलाडी सम्बन्धित जिल्लाको हुनुपर्नेछ नत्र सम्पूर्ण सुबिधाबाट बञ्चित हुनेछ।

१३. बिजेता खेलाडीहरुलाइ मेडल र प्रमाणपत्र दिइनेछ। प्रथम द्वितिय र तृतिय हुने जिल्लालाई ट्रफी उपलब्ध गराइनेछ।

१४. प्रतियोगिताको उदघाटन समारोह मिति २०८२/०७/२६ गते बिहान ८ बजे खेल स्थलमा हुनेछ।

१५. खेलाडीले आफ्नो नागरिकता वा ठेगाना खुल्ने सरकारी कागजातको सक्कल र प्रतिलिपि अनिबार्य ल्याउनुपर्नेछ अन्यथा खेलमा सहभागी गराइनेछैन।

१६. खेलाडी र टिम प्रशिक्षकलाइ खाना तथा आवास वापत प्रतिदिन रु १२०० को दरले २.५ दिनको भत्ता उपलब्ध गराइनेछ।

१७. प्रतियोगिता सञ्चालन हुने जिल्ला वाहेक अन्य जिल्लाका खेलाडी, टिम प्रशिक्षक र रेफ्रीलाइ प्रचलित भाडादरमा यातायात खर्च उपलब्ध गराइनेछ।

**प्रशासन प्रमुख**

---

Email-lumbinisportscouncil@gmail.com, <pscl@lumbini.gov.np>, Phone No: 082-590759

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

१८. १६ जना नबढ्ने गरी रेफ्री कोटा निर्धारण गरिएको छ ।

१९. आफ्नो जिल्लाका खेलाडीहरुको खेल हुँदा सोही जिल्लाको रेफ्रीले रेफ्री गर्न पाइने छैन्।

२०. रेफ्रीलाइ प्रति दिन खाना तथा आवास वापत दिनको रु. १२०० को दरले २.५ दिनको र यसको अतिरिक्त अन्तराष्ट्रिय रेफ्रीलाइ प्रतिदिन रु. १००० र राष्ट्रिय रेफ्रीलाइ प्रतिदिन रु. ७०० का दरले १५ प्रतिशत कर कट्टी २ दिनको भत्ता उपलब्ध गराइनेछ ।रेफ्री लाइसेन्स पेश नगर्ने रफ्रीलाइ सम्पूर्ण सुबिधाबाट बञ्चित गरिनेछ।

२१. टाइ शिट ड्र कार्तिक २५ गते बेलुकी ५ बजे सम्पूर्ण टिम प्रशिक्षकहरुको उपस्थितिमा खेल स्थलमा गरिनेछ।

अमृत के.सी.

प्रशासन प्रमुख

**प्रशासन प्रमुख**

खेल विधाः कराते

जिल्लाको नामः.........................

टिम प्रशिक्षकको नामः........................

| क्र.स. | खेल विधा | समूह | खेलाडीको नाम |
|---|---|---|---|
| 1 | Karate | Men's (-50kg) | |
| 2 | Karate | Men's (-55kg) | |
| 3 | Karate | Men's (-60kg) | |
| 4 | Karate | Men's (-67 kg) | |
| 5 | Karate | Men's (-75 kg) | |
| 6 | Karate | Men's (+75 kg) | |
| 7 | Karate | Men's Individual Kata | |
| 8 | Karate | Women's (-45 kg) | |
| 9 | Karate | Women's (-50 kg) | |
| 10 | Karate | Women's (-55 kg) | |
| 11 | Karate | Women's (-61 kg) | |
| 12 | Karate | Women's (-68 kg) | |
| 13 | Karate | Women's (+68 kg) | |
| 14 | Karate | Women's Individual Kata | |

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

## कराते प्रतियोगिता-२०८२

## <u>खेलाडी दर्ता फाराम</u>

फोटो
पासपोट
साइज

खेलाडीको नाम, थर (देवनागरीमा):...................................................................

खेलाडीको नाम थर (अंग्रेजीमा):.......................................................................

खेल विधाको नाम: ............................................. तौल समुह .......................

स्थायी ठेगाना:...................................................................

अस्थायी ठेगाना:...................................................................

जन्म मिति: .........................नागरिकता नं:................... शैक्षिक योग्यता:............

तौल:............. उचाइ:..................

अध्ययनरत स्कूल/कलेजको नाम:.......................................................................

खेलाडीको सम्पर्क नं:..................................

बुवाको नाम थर:.......................................आमाको नाम थर............................................

बुवाको सम्पर्क नं:.......................................आमाको सम्पर्क नं...........................................

प्रशिक्षकको नाम:........................................प्रशिक्षकको सम्पर्क नं:....................................

**हाल सम्म सहभागी प्रतियोगिताको नाम:**

१.

२.

३.

हाल सम्मको उच्चतम उपलब्धिहरु:

१.

२.

३.

माथि उल्लेखित ब्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहर भएमा सहुँला बुझाउँला।

खेलाडीको हस्ताक्षर:

| | |
|---|---|
| प्रमाणित गर्ने: | प्रमाणित गर्ने: |
| जि.खे.वि.स. अधिकारी | प्रदेश खेलकुद परिषद अधिकारी |
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| मिति: | मिति: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |
| | दर्ता नं: |